# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड : ५ संख्या : २ असार २६, २०७९**


### भाग-२

# अध्यक्ष अशोककुमार थापा छात्रवृत्ति कोष सञ्चालन कार्यविधी, २०७९

**स्वीकृत मितिः २०७९/०३/१९**

**पहिलो संशोधनमितिः २०८१/११/१२**

<u>प्रस्तावना:</u> गुल्मीदरवार गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले गाउँपालिकाका प्रथम अध्यक्ष श्रद्धेय अध्यक्ष अशोक कुमार थापाको पदबहाली रहेकै अवस्थामा मिति २०७८/०३/३१ का दिन असामयिक निधन भएकोमा श्रद्धेय अध्यक्ष प्रति चीर स्मरण गर्दै उहाँको स्मृतिमा गरिव, जेहेन्दार तथा विपन्न लक्षित वर्गका विद्यार्थीहरुलाई विद्यालय शिक्षा प्राप्त गर्न सहयोग पुर्‍याउने अभिप्रायले अध्यक्ष अशोककुमार थापा स्मृति छात्रवृत्ति कोष स्थापना गर्न वान्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा गुल्मीदरबार गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा (४) को अधिकार प्रयोग गरी गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि जारी गरेकोछ ।

### परिच्छेद–१

### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यो कार्यविधि को नाम "अध्यक्ष अशोककुमार थापा छात्रवृत्ति कोष संचालन कार्यविधि, २०७९"रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "अध्यक्ष" भन्नाले गुल्मीदरबार गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गुल्मीदरबार गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(घ) "छात्रवृत्ति" भन्नाले गुल्मीदरबार गाउँपालिका प्रथम अध्यक्ष अशोककुमार थापा छात्रवृत्तिलाई सम्झनु पर्छ ।

(ङ) "कोष" भन्नाले अध्यक्ष अशोककुमार थापा छात्रवृत्ति कोषलाई सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले यो कोष संचालन गर्न गठन गरिएका समिति र उपसमितिहरुलाई सम्झनु पर्छ ।

(छ) "पदाधिकारी" भन्नाले यो कोष सञ्चालन गर्न कार्यविधी अनुसार गठन भएका समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव लगायतका अन्य सदस्यहरुलाई सम्झनुपर्दछ।

(ज) "विद्यालय" भन्नाले गुल्मीदरबार गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयलाई सम्झनुपर्छ ।

(झ) "प्रधानाध्यापक" भन्नाले गुल्मीदरबार गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत प्रधानाध्यापकहरुलाई सम्झनु पर्छ ।

(ञ) "शिक्षक" भन्नाले गुल्मीदरबार गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत पठनपाठन गराउने शिक्षकलाई सम्झनुपर्दछ।

(ट) "विद्यार्थी" भन्नाले यस गाउँपालिका अन्तर्गतका सामूदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई सम्झनुपर्छ ।

(ठ) "छात्रवृत्ति रकम" भन्नाले कोष संचालन समितिबाट निर्धारण गरिएको मापदण्डको आधारमा वितरण गरिने छात्रवृत्तिको रकमलाई सम्झनुपर्छ ।

(ड) "कार्यालय" भन्नाले गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

### ३.कोष सञ्चालन गरिने क्षेत्र तथा लक्षित समुहः-

यो कोषको परिधिभित्र रहि छात्रबृति रकम वितरण गर्ने क्षेत्र तथा लक्षित समूह देहाय बमोजिम हुनेछ।

**३.१** गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा प्राथमिक तह कक्षा १ देखि माध्यमिक तह कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरुका लागी यो कोषको रकम वितरण गरिनेछ ।

**३.२** गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा आर्थिक रुपले अति विपन्न जाती, जनजाती, दलित, महिला, सिकाई उपलब्धी दर उच्च भएका अनुसाशित, लगनशिल तथा जेहेनदार, सामाजिक रुपले पछि परेको अल्पसङ्ख्य र पिछडिएको वर्ग तथा अभिभावक विहिन विद्यार्थी यो कोष वितरणको लक्षित समुह हुनेछ । प्राथमिक तह कक्षा १ देखि माध्यमिक तह कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरुका लागी यो कोषको रकम वितरण गरिनेछ।

**३.२** गुल्मीदरबार गाउँपालिका भित्र स्थायी बसोबास भई गाउँपालिका बाहिरका शैक्षिक संस्थाहरुमा प्राविधिक विषयहरु अध्ययन गर्ने विद्यार्थीहरुलाई समेत यो कोषको रकमबाट छात्रवृत्ति वितरण गर्न सकिनेछ । *

## परिच्छेद-३

### ४. कोषको रकम

४.१ यो कोषको रकम प्रत्येक वर्ष वार्षिक रु. ५ लाखको हुनेछ ।

४.२ यो कोष गुल्मीदरवार गाउँ कार्यपालिकाले आर्थिक श्रोत व्यवस्थापन गरि बृद्धि गर्दै लैजान सक्नेछ ।

## परिच्छेद -४

**५. कोष सञ्चालन प्रकृयाः** यो कोष सञ्चालन देहाय वमोजिम गरिनेछ।

५.१ यो कोष प्रत्येक शैक्षिक शत्र शुरु भएको ३ महिना भित्र वितरण गरिनेछ । कोष वितरण गर्न अघिल्लो शैक्षिक सत्रलाई आधार मानिनेछ ।

५.२ छात्रवृत्तिको लागि कार्यालयले सूचना प्रकाशन गर्नुपर्नेछ ।

५.३ यो कोषको रकम प्राप्त गर्ने विद्यार्थीले आफ्नो विवरण खुल्नेगरि आफू अध्यनरत विद्यालयमा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ । निवेदन विद्यालयले उपलब्ध गराउनुपर्नेछ ।

५.४ विद्यालयले प्राप्त निवेदन उपर आवश्यक छानविन गरि विद्यालयको राय र सिफारिस समितिको निर्णय सहित कोष सञ्चालक समिति समक्ष पेश गर्नुपर्नेछ।

---

* मिति २०८१/११/१२ को निर्णय अनुसार पहिलो संशोधनबाट

५.५ विद्यालयको छात्रवृति सिफारिस समिति मार्फत प्राप्त भएका निवेदन उपर आवश्यक छानविन तथा छनोटको प्रकृया पुरा गरि कोष सञ्चालक समितिले छात्रवृत्ति संख्या र रकम निर्धारण गरी छात्रवृत्ति पाउने विद्यार्थीको अन्तिम सूचना प्रकाशित गर्नेछ ।

५.६ कोष सञ्चालक समितिको सूचना अनुसार छात्रवृति प्राप्त गर्ने विद्यार्थीहरुलाई गाउँपालिकाद्धारा रकम भुक्तानी दिने व्यवस्था गरिनेछ ।

## परिच्छेद-५

### ६. कोष सञ्चालक समितिः

६.१ यो कोष सञ्चालन गर्नका लागी गाउँपालिकास्तरीय कोष सञ्चालन समिति देहाय वमोजिम हुनेछ।

| | |
|---|---|
| क. गाउँपालिकाका अध्यक्ष | अध्यक्ष |
| ख. गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ङ. प्र.अ. वा शिक्षकहरुमध्येबाट अध्यक्षले मनोनित गरेको १ जना सदस्य | सदस्य |
| च. कार्यपालिकाका सदस्यहरुमध्येबाट अध्यक्षले मनोनित गरेको १ जना महिला सहित २ जना सदस्य | सदस्य |
| छ. अध्यक्षले मनोनित गरेको स्थानीय शिक्षा विद तथा समाजसेवी १ जना | सदस्य |
| ज. शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

६.२ कोष संचालन समितिले छात्रवृत्तिको लागि सिफारिस भई आएका विवरणहरुको आवश्यक छानविन गरी छात्रवृत्ति वितरणको लागि आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

६.३ यो कोष सञ्चालन प्रकृयामा आवश्यक सहयोगका लागि विषय विज्ञका रुपमा सामाजिक तथा शैक्षिक क्षेत्रका महानुभावहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

६.४ विद्यालयमा प्राप्त निवेदनहरु उपर छानविन गरी छात्रवृत्ति प्राप्त गर्न योग्यता भएका विद्यार्थीहरुलाई आवश्यक छानविन गरी छात्रवृत्ति छनोटको लागि कोष संचालन समिति समक्ष सिफारिस गर्न विद्यालय तहमा देहाय वमोजिमको सिफारिस समितिको गठनको गरिनेछ।

| | |
|---|---|
| क. वि.व्य.स.का अध्यक्षः- | अध्यक्ष |
| ख. सम्वन्धित वडाको वडाध्यक्षले तोकेको १ जना वडा सदस्य | सदस्य |
| ग. शिक्षकहरु मध्येबाट एकजना सदस्य | सदस्य |
| घ. शिक्षक अभिभावक संघका अध्यक्ष | सदस्य |

ङ. प्रधानाध्यापक सदस्य सचिव

६.४ कोष सञ्चालन प्रकृयामा कुनै थप कार्य गर्नु पर्ने भई जिम्मेवारी दिनुपर्ने अवस्था भएमा वा अन्य उपसमिति गठन गर्न आवश्यक भएमा आवश्यकतानुसार गठन गर्न सकिनेछ । तोकीएको कार्य सम्पन्न भएपछि त्यस्तो उपसमिति स्वतः निष्कृय हुनेछ ।

## परिच्छेद-६

**७. बैठक सञ्चालन विधिः-**

७.१ यो कोष सञ्चालन प्रयोजनका लागि गठन भएका समितिहरुको बैठक सम्वन्धी कार्य सोही समितिले तोके वमोजिम हुनेछ।

७.२ बैठक सम्वन्धी सेवा सुविधा सम्वन्धमा सोही समितिले आफै निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-७

**८. कोष सञ्चालक समितिका अध्यक्षको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क. बैठकको अध्यक्षता गर्ने,

ख. बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने,

ग. छलफलका लागी एजेन्डा तय गर्ने र प्रस्तुत गर्ने,

घ. समितिका सदस्यहरुलाई आवश्यक परामर्श र निर्देशन दिने,

ङ. आफु मातहतका समिति र उपसमितिलाई आवश्यक निर्देशन र नियन्त्रण गर्ने।

**९. कोष सञ्चालक समितिका सदस्य सचिवको काम, कर्तब्य र अधिकार देहाय** बमोजिम हुनेछ ।

क. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने,

ख. प्रस्तावित एजेन्डाहरुमाथी सहजीकरण गर्ने,

ग. बैठकको निर्णय अभिलेखीकरण गर्ने,

घ. बैठकका निर्णय कार्यान्वयन गर्ने,

ङ. अन्य प्रशासनिक काम गर्ने।

## परिच्छेद- ८

**१०. <u>कार्यविधिको संशोधनः</u>** यस कार्यविधिमा कार्यपालिकाले आवश्यक संशोधन वा हेरफेर गर्न सक्नेछ ।

११. **<u>आवश्यक व्यवस्था गर्न सक्ने:</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले आवश्यक व्यवस्था गरी वाधा अड्काउ फुकाउन सक्नेछ ।

१२. **खारेजी तथा बचाउ :** कार्यविधीमा उल्लेख गरिएका कुनै बुँदा आंशिक वा पुर्ण रुपले स्थानीय सरकार सञ्चालन ऐन २०७४, र स्थानीय शिक्षा ऐन २०७५, संग बाँझिएमा बाँझिएको हदसम्म स्वतः खारेज हुनेछन् तर यस कार्यविधि अनुसार संचालनमा रहेको छात्रवृत्तिलाई खारेजी गर्न सकिनेछैन् ।

अनुसूची १

**छात्रवृत्तिको निवेदन**

..........................................................................................................................

विद्यार्थीको नाम थर :

हाल अध्ययनरत विद्यालयको नाम :

हाल अध्ययनरत कक्षा : रोल नं.:

वार्षिक परीक्षामा प्राप्त गरेको स्थान : `प्रतिशतः

विद्यार्थीको बुबाको नाम :

विद्यार्थीको आमाको नाम :

विद्यार्थीको हजुरबुबाको नाम :

विद्यार्थीको ठेगाना :

विद्यार्थीको सम्पर्क नम्बर :

बुबाको पेशा : आमाको पेशा :

घरको वार्षिक आम्दानी :

**आफ्नो हाल सम्मको शैक्षिक अवस्था तथा आफ्नो बारेमा लेख्ने**

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

विद्यार्थीको दस्तखत :

विद्यालयले भर्ने

(सिफारीस गर्नुको आधारहरु)

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

प्रधानाध्यापकको नाम थर : विद्यालयको छाप :

दस्तखत :

मिति :

आज्ञाले,

(लक्ष्मण पाण्डे)

प्रमुख प्रशासकीय अधिकृत